# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) माकादुम, रामेछाप, साउन १ गते, २०७५ साल (संख्या २

## भाग १

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७५ सालको ऐन नं. २**

**<u>विनियोजन ऐन, २०७५</u>**

खाँडादेवी गाउँपालिका

**<u>प्रस्तावनाः</u>**

खाँडादेवी गाउँपालिकाको आ.व.०७५/७६ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले:

नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम खाँडादेवी गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम खाँडादेवी गाउँपालिकाको विनियोजन ऐन २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आ.व.२०७५/७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आ.व.२०७५/७६ को निमित्त खाँडादेवी गाउँपलिका गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५३,९२,७५,६०४/–(त्रिपन्न करोड बयानब्बे लाख पचहत्तर हजार छ सय चार मात्र)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आ.व.२०७५/७६ को निमित्त खाँडादेवी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएता भएता पनी कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने कुनैमा अपुग देखिन आएमा गउँपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

चालु तथा पूँजिगत खर्च वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनुपर्नेछ ।

४. पूँजिगत खर्चमा अपुग हुने रकम चालु खर्चबाट २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सकिनेछ ।

**अनुसूची-१**
**(दफा २ सँग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९(२) बमोजिम**
**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र. सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | | ६८२७४००/– | १४५८००००० /– | केन्द्रबाट समानीकरण | १५२६२७४००/– |
| २ | | | | १४९०००००० /– | केन्द्रबाट शसर्त | १४९०००००० /– |
| ३ | | | | ८०५५००० /– | प्रदेश समानीकरण | ८०५५००० /– |
| ४ | | | | १३०६३००० /– | प्रदेश शसर्त अनुदान | १३०६३००० /– |
| ५ | | | | १०६०००० /– | LGCDP | १०६०००० /– |
| ६ | | | | ८५८००० /– | गरीबसँग विश्वेश्वर | ८५८००० /– |
| ७ | | | | २२०८९६४ /– | पहाडी समाज | २२०८९६४ /– |
| ८ | | | | १०३७९६५८ /– | Americares | १०३७९६५८ /– |
| | | | | | **जम्मा** | **३३०४२४६२२/–** |

खाँडादेवी गाउँपालिका

**सभाबाट पारित मितिः २०७५।०३।३०**
**प्रमाणीकरण मितिः २०७५।०४।०१**

**आज्ञाले,**
**विष्णु प्रसाद सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**